# घोराही उप-महानगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिक प्रगति प्रतिवेदन

## २०८२, कार्तिक


स्थानीय सरकार

घोराही उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

# विषय सूची

१. मुख्य मुख्य क्रियाकलापहरु ........................................................................................ ३

२. आय-व्यय विवरण............................................................................................... ११

## १. मुख्य मुख्य क्रियाकलापहरु

आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिकमा घोराही उपमहानगरपालिकाबाट सम्पादन भएका मुख्य मुख्य कामहरुको विवरण तपसिल अनुसार रहेको छ।

सामान्य प्रशासन महाशाखा

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त ९ वटा उजुरीको प्रतिक्रिया लेखि पठाइएको।
- प्रशासन संग सम्बन्धीत नियमित एवं अन्य कार्य गरिएको।

योजना तथा अनुगमन शाखा

- योजनाहरुको अनुगमन गरी प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गरिएको छ।

आन्तरिक व्यवस्थापन शाखा

- कार्यालयमा आवश्यक सामग्री तथा साधनहरुको आपूर्ती तथा व्यवस्थापन गरिएको छ।

भूमि व्यवस्थापन शाखा

- घोराही उपमहानगरपालिका वडा नं १ र २ मा गरी जम्मा ३१०० कित्ता जग्गा नापजाँच गरिएको छ ।
- भूमि समस्या समादान आयोग खारेजि पछि सो संग सम्बन्धित जिन्सी सामाग्री तथा तथ्यांक संरक्षण गरिएको छ।

कानुनी मामिला शाखा

- न्यायिक समितिको कार्यप्रगति सम्बन्धमा पत्रकार सम्मेलन
- विभिन्न विषयगत कानून निर्माण तथा परिमार्जन
- न्यायिक समितिमा १८ वटा उजुरी दर्ता भएकोमा ३९ % फर्छ्यौट भएको छ।

सूचना तथा संचार प्रविधि शाखा

- १ वटा नगरस्तीय सार्वजनिक सुनुवाई कार्यक्रमहरु मार्फत सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गरिएको छ।
- १ वटा नगरस्तरीय प्रगति समिक्षा कार्यक्रम मार्फत कार्य प्रगितमा सुधार तथा विभिन्न प्रतिवेदन तयार गरिएको छ।
- नियमित कार्यहरुः वेबसाइट, सरकारी ईमेल, आधिकारीक पोर्टल, आधिकारिक सामाजिक संजाल, विभिन्न सूचना प्रविधि प्रणालीहरु संचालनमा सहयोग तथा व्यवस्थापन गरिएको छ।
- कर्मचारीहरुलाई सुचना प्रविधि सम्बन्धी परामर्श, सिकाई तथा अनौपचारिक तालिम उपलब्ध गराइएको छ।
- सूचना माग भए अनुसार उपलब्ध गराइएको छ।
- नियमित रुपमा स्वतः प्रकाशन गर्नु पर्ने सूचना प्रकाशन गराइएको।
- नियमित रुपमा सूचना छापा, एफ.एम. रेडियो तथा अनलाईन संचार माध्यमबाट सूचना प्रकाशन तथा सम्प्रेषण गरिएको छ।
- घोराही उपमहानगरपालिकाको वार्षिक म्यागेजिन प्रकाशन भएको छ।
- २०८२ भदौ २४ गते भएको घटनाका क्रममा क्षती भएको इन्टरनेट सेवालाई मर्मत गरी संचालनमा ल्याइएको।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जाँचबुझ आयोग लगयतका निकायमा २०८२ भदौ २४ गते भएको घटनाको क्रममा भएको क्षतीको विवरण सराकरवालाको समन्वयमा तयार गरी पठाइएको।

पूर्वाधार महाशाखा

- संघीय सरकारको शसर्त र बिशेष अनुदानबाट जम्मा २७ वटा योजना रहेका छन।
- प्रदेश सरकारको शसर्त अनुदान र समपुरक गरी जम्मा १७ वटा योजना रहेका छन।
- जम्मा १५३ वटा नगरस्तरीय योजना मध्ये १ वटा योजनाको सम्झौता भएको छ।
- १० स्थानमा सडक बत्ती जडान तथा मर्मत भएको छ।

- यस आ.व. २०८२/०८३ को दररेट तयार गर्ने कार्य सपन्न भएको छ।
- अनलाईन सिस्टमबाट योजना संझौताको डाटा ईन्ट्री कार्य भैरहेको छ।
- विभिन्न खोलाहरुको विभिन्न स्थानमा नदिजन्य पदार्थ उत्खनन् कार्यका लागि ।EE लगायतका आवश्य प्रकृया अगाडि बढाइएको छ।
- २०८२ भदौं २४ गते भएको प्रदर्शनका क्रममा कार्यालयमा भएको आगजनी तथा तोडफोडका कारण क्षतीग्रस्त भवनको मर्मत सम्भार गरिएको छ।

भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखा

- विद्युतीय प्रणालीबाट घर नक्सा पासको कार्यान्वयन भएको छ।
- २२ वटा घर नक्शा नामसारी भएको छ।
- ८६ वटा नयाँ घरको नक्शा दर्ता, ३३ वटा अस्थायी (प्लिन्थ) लेभल सम्मको इजाजत प्रदान , ४९ वटा स्थायी (सुपरसट्रक्चर) सम्मको इजाजत र ४० वटा घर निर्माण सम्पन प्रमाण पत्र जारी भएको छ।
- ५३ वटा घरको अभिलेखिकरण दर्ता भएको छ। ४६ वटा घर अभिलेखिरण प्रमाण पत्र प्रदान गरिएको छ।
- ३४ वटा घरको मुल्यांकन गरिएको छ।

सामाजिक विकास महाशाखा (शिक्षा)

- शिक्षकहरुको तलब भत्ता निकासा तथा अभिलेखिकरणमा सहयोग तथा समन्वय गरिएको छ।
- विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान कार्यक्रम सम्पन्न भएको छ।
- कक्षा १-१० को छात्रवृत्ती व्वयस्थापन गर्ने कार्य सम्पन्न भएको छ। जम्मा विद्यार्थि संख्या ४०१८७ मा ३४७६ जनालाई कार्यविधि अनुसार छात्रवृत्ती वितरन गरिएजको छ।
- कक्षा ११/१२ मा अध्ययनरत सामाजिक विकास महाशखामा निवेदन पेश हुन आएका मध्ये १५४ जनालाई विभिन्न विद्यालयमा सिफारिस गरी छात्रवृत्तीको लागि पठाइएको छ।
- नियमित र प्रशासनिक कार्यमा निरन्तरता दिइएको छ।

जनस्वास्थ्य प्रवर्द्धन शाखा

- ४० जना व्यक्तिलाई मोतियाबिन्दुको शल्यक्रिया गरिएको छ।
- संघिय सरकारको अनुदानबाट जिविकोपार्जन बापत मृगौला रोगी १ जना र कयान्सर रोगी १० जनालाई रू. ५,०००।— उपलब्ध गराइएको छ।
- ५५ जनालाई संघीय सरकारबाट प्राप्त हुने रु. १ लाखको उपचार सहुलियतको लागि सिफारिस गरिएको छ।
- १५ जनालाई प्रदेस सरकारबाट प्रदेश स्वास्थ्य उपचार अन्तर्गत २ लाखको विशेष आर्थिक सुविधाको लागि सिफारिस गरिएको छ।
- नगर प्रमुख रक्तदान अनुदान कार्यक्रम मार्फत २२८ युनिट रगत उपलब्ध गराइएको छ।
- नियमित खोपको सुस्मयोजना तयार गरि स्वास्थ्य कार्यालयमा पठाइको छ ।
- बिश्व स्तनपान सप्ताह २०२५ का अबसरमा सचेतनामुलक कार्यक्रम गरि सम्पन्न गरिएको छ।
- बि एस डायगोनोस्टीक तथा पोलिक्लिनिक प्रा लि र घोराहि उपमहानगरपालिकाको समन्वय तथा सहकार्यमा प्रजनन् स्वास्थ्य सम्बन्धि सचेतनामुलक कार्यक्रम तथा सामुदायिक महिला स्वास्थ्य स्वमंसेबिकाहरुको नशुल्क स्वास्थ्य परिक्षण श्राबण महिनाको ३० गते सम्पन्न गरिएको छ ।
- निशन्तान केन्द्र घोराही उपमहानगरपालिका-१५ को आर्थिक सहयोग र घोराही उपमहानगरपालिकाको समन्वयमा ४६ जना महिला स्वास्थ्य स्वंसेविकाहरुलाई प्रजनन् स्वास्थ्य तथा निशन्तानको कारणले महिलाको स्वास्थ्मा पर्ने असर र महिला माथी हुने हिंसाको बारेमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- पूर्ण संस्थागत सुत्केरी युक्त वडा पालिका घोषणाका लागि पालिका स्तरिय सरोकारबालालाई अभिमुखिकरण कार्यक्रम संचालन गरिएको।
- पूर्ण संसथागत सुत्केरियुक्त उपमहानगर घोषणाका लागि सबै स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- क्षयरोगको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।
- स्वास्थ्य संस्था स्तरिय बार्षिक समिक्षा गरिएको सम्पन्न गरिएको छ ।

- ६ महिना देखी ५९ महिना सम्मका बालबालिलिकाहरुको षोषण स्थितिको  लेखाजोखा गर्न शुरु गरिएको ।
- निशुल्क एम्बुलेन्स सेवा अति बिपन्न बेबारिसे २५ जना नागरिकहरुलाइ प्रदान गरिएको छ।
- १२ बर्ष माथिका १८७९ जना नगरबासिलाइ कोभिड् बिरुद्को फाइजर खोप लगाइएको

महिला, बालबालिका तथा समाज कल्याण शाखा

- १२ जना बेवारीसे मानव व्वयस्थापन
- १७ जना लैङ्गिक हिंसा प्रभावितलाई पुर्नस्थापना
- ७ जना बेवारिसे बालबालिका पुर्नस्थापना
- ३१ जनालाई अपाङ्ग परिचयपत्र वितरण
- १६ जनालाई जेष्ठ नागरिक परिचय पत्र वितरण
- सम्पर्क व्यक्तिहरुको लागि लैङ्गिक हिंसा नियन्त्रित नगर घोषणा तयारी अभिमुखिरण
- वडा र नगर तहमा लैङ्गिक हिंसा नियन्त्रण समितिलाई अभिमुखिकरण

सामाजिक सुरक्षा तथा पंजिकरण शाखा

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली VERSP-MIS सम्बन्धी तालीम सम्पन्न भएको छ ।
- अनुगमन कार्यक्रम चालु अवस्थामा रहेको छ ।
- आ.ब २०८२/०८३ को सामाजिक सुरक्षा भत्ता बुझ्ने लाभग्राहीहरुको Bio-metric विधिबाट नवीकरणको कार्य सम्पन्न भएको ।
- परिचयपत्र सहित Biometric नविकरण गरेका छन् । सोही समयमा Gen-Z आन्दोलनको कारण Bio-metric Device जलेर नष्ट भएको हुँदा केही लाभग्राहीहरुको सामान्य अवस्थाबाट नवीकरण भएको छ ।
- सामाजिक सुरक्षा भत्ता प्रथम त्रैमासिकको भत्ता वितरण कार्य सम्पन्न ।
- वडा कार्यालयहरु मार्फत आ.व. २०८२/८३ को प्रथम त्रैमासिक सम्म तपसिल बमोजिमको व्यक्तिगत घटना दर्ता भएका छन।

| जन्म | मृत्यु | सम्बन्ध विच्छेद | विवाह | बसाइ सराइ गएको | बसाइ सराइ आएको |
|---|---|---|---|---|---|
| ५३९ | २४५ | ६५ | २८५ | १७९ | ९८ |

विपद् व्यवस्थापन शाखा

- विपद् व्यवस्थापनका कार्यहरु भएका छन।
- कटुवा खोलादेखि घोराही चोकसम्म फूलजन्य वृक्षारोपण कार्यक्रम सम्पन्न भएका छन।

सरसफाई व्यवस्थापन शाखा

- सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धमा नागरिक स्तरमा जनचेतना अभिवृद्धि गर्ने कार्य ।
- बेवारिसे लाश व्यवस्थापन सम्बन्धी कार्य ।
- सेप्टी ट्यांकीको सफाई तथा व्यवस्थापन सम्बन्धी कार्य
- नाला, ढल निकास तथा सार्बजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्य ।
- ल्यान्डफिल साइड जम्मा भएको फोहोर व्यवस्थापन सम्बन्धी कार्य ।
- सामुदायिक चौपाया व्यवस्थापन सम्बन्धी कार्य
- आकस्मिक गुनासो व्यवस्थापन सम्बन्धी कार्य ।
- बजार क्षेत्रबाट संकलन गरेको गल्ने फोहोर वायोग्यास प्लान्टमा पठाउने कार्य
- घोराही उप-महानगरपालिकाको नीति तथा कार्यक्रम अनुसार नगरको फोहोर व्यवस्थापन गर्न निजि क्षेत्रलाई ठेक्का दिने कार्य सम्पन्न भएको छ।
- पूर्ण रुपमा फोहोर वर्गीकृत टोल घोषणा गर्ने कार्यक्रम संचालन
- धार्मिक तथा पर्यटकीय स्थलमा सरसफाई अभियान संचालन गरेको
- नाला तथा सार्बजनिक स्थल सरसफाई
- निजी क्षेत्रबाट भएको फोहोर व्यवस्थापन कार्यको समन्वय तथा अनुगमन

पर्यटन तथा संस्कृती प्रवर्द्धन शाखा

- नियमित कार्य संचालन भएको छ।

कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा

कृषी सेवा तर्फ

- ७ वटा कृषि फार्म दर्ता सिफारिस
- १ वटा कृषक समूह दर्ता भएको छ।
- कृषि बाली उत्पादनमा देखा परेका समस्याहरु समाधानका लागि कृषकहरुको खेत वाररुमा पुगि प्राविधिक सरसल्लाह तथा समाधानका वारेमा सहजीकरण गरिएको छ।
- विभिन्न सहकारीहरुको वार्षिक साधारण सभामा उपस्थित भइ सचेतनामुलक सन्देश प्रवाह गरिएको छ।
- रासायनिक मल वितरण कार्यलाइ प्रभावकारी बनाउन स्थानीय तह रासायनिक मल वितरण समिति संयोजक तथा उप प्रमुख समेतको उपस्थितिमा सहकारीहरुको अनुगमन, निरिक्षण गरि आवश्यक पृष्ठपोषण गरिएको छ।
- रासायनिक मल वितरण निर्देशिका २०८२ को वारेमा कार्पालिकामा जानकारी गराइ छलफल गरिएको छ।
- प्याजको वीउ वितरण कार्यक्रम ५०% अनुदान सम्पन्न भएको छ।
- बिज बृद्धी कार्यक्रम मुल वीउ वितरण ५०% अनुदान सम्पन्न भएको छ।
- तरकारीको कम्पोजीट प्याकेट वीउ वितरण कार्यक्रम ५०% अनुदान सम्पन्न भएको छ।

सहकारी तथा रोजगार प्रवर्द्धन शाखा

- समस्यामा रहेका बचतकर्ताको सहकारी संस्थाबाट बचतकर्ताको बचत फिर्ता गराइएको छ।
- कोपोमिसमा तथ्यांक प्रबिष्ट गरिएको छ ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रहरी कार्यालयमा उजुरी निबेदनमा प्रतिउत्तर पठाउने काम गरिएको छ।
- सहकारी कतिपय समस्या समाधानका प्रयास भएका छ ।
- सहकारी संस्थाहरुको बिनियम संशोधनमा सहयोग गरिएको छ।

- संशोधित सहकारी २०७४ र राष्ट बैंकबाट जारी गरिएको मापदण्ड बारेमा जानकारी दिइएको छ।

उपभोक्ता हित संरक्षण शाखा

- ४ पटक बजार अनुगमन गरिएको छ।
- १८ पटक दुधको गुणस्तर परीक्षण गरिएको छ।
- रू. १०,४२४ मुल्य बराबरको म्याद गएको सामग्री जफत गरिएको छ।
- ९ वटा डेरी पसललाई नियमानुसार कारबाही गरिएको छ।

उद्योग प्रवर्द्धन शाखा

- नियमित कार्यहरु संचालन भएका छन।

आर्थिक प्रशासन शाखा

- नियमित आर्थिक प्रशासनसंग सम्बन्धित क्रियाकलाप गरिएको छ।

राजश्व व्वयस्थापन शाखा

- राजस्व सम्बन्धी काम गर्ने कर्मचारीहरुको क्षमता अभिबृद्दि कार्यक्रम
- राजश्व संकलन

आन्तरिक लेखापरीक्षण शाखा

- नियमित आन्तरिक लेखा परीक्षण गरिएको छ।
- महालेखा परीक्षकले गर्ने अन्तिम लेखा परीक्षणमा सहयोग गरिएको छ।


वडा कार्यालयहरु

- स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा स्तरीय र ५,००,००० बजेट सम्मका नगरस्तरीय योजना तथा कार्यक्रमहरु संचालन गरिएको छ।
- २०८२ भदौं २४ गते भएको प्रदर्शनका क्रममा वडा कार्यालयहरुमा भएको आगजनी तथा तोडफोडका कारण क्षतीग्रस्त भवनको मर्मत सम्भार तथा न्यूनतम जिन्सी सामग्रीहरुको व्यवस्थापन गरी वडा कार्यालयहरु संचालनमा आएका छन।

- वडा कार्यालयहरुबाट दिइने सेवाहरु ( नागरिकता सिफारिस, व्यक्तिगत घटना दर्ता, राजश्व संकलन, आवश्यक सर्जमिन, अन्य सिफारिस लगायत) प्रदान गरिएको छ।

## २. आय-व्यय विवरण

आन्तरिक आय




समग्र आय-व्यय विवरण

आय

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
|---|---|---|---|
| संघीय सरकार | १,१४,४६,००,०००.०० | ३०,०६,४०,०००.०० | २६.२७ |

| | | | |
|---|---|---|---|
| १३३११ समानिकरण अनुदान | ३१,१२,००,०००.०० | ७,७८,००,०००.०० | २५ |
| १३३१२ शसर्त अनुदान चालु | ७२,५१,००,०००.०० | १९,८१,२०,०००.०० | २७.३२ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ९,०८,००,०००.०० | २,४७,२०,०००.०० | २७.२२ |
| १३३१५ विषेश अनुदान पुँजीगत | ८५,००,०००.०० | ० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ९०,००,०००.०० | ० | ० |
| प्रदेश सरकार | ६,०५,९९,०००.०० | १,८४,१५,७७६.४० | ३०.३९ |
| १३३११ समानिकरण अनुदान | २,१३,९१,०००.०० | ५३,४७,७५०.०० | २५ |
| १३३१२ शसर्त अनुदान चालु | ५,०८,०००.०० | १,६९,३१६.४० | ३३.३३ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २,२०,००,०००.०० | ७३,३२,६००.०० | ३३.३३ |

| | | | |
|---|---|---|---|
| १३३१५ विषेश अनुदान पुँजीगत | १७,००,०००.०० | ५,६६,६१०.०० | ३३.३३ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,५०,००,०००.०० | ४९,९९,५००.०० | ३३.३३ |
| राजस्व बाडफाड | ५५,७०,८०,०००.०० | ३,४१,८३,४१९.३४ | ६.१४ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | २५,००,००,०००.०० | ० | ० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १८,७५,६७,९७८.०० | २,५०,४७,५४०.२९ | १३.३५ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ६,२५,२२,६६०.०० | ९१,३५,८७९.०५ | १४.६१ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २,३७,८९,३६२.०० | ० | ० |

| | | | |
|---|---|---|---|
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ५,००,०००.०० | ० | ० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | २०,००,०००.०० | ० | ० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३,००,०००.०० | ० | ० |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ४,००,०००.०० | ० | ० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ३,००,००,०००.०० | ० | ० |
| अन्तरिक श्रोत | ४८,०४,२१,०००.०० | ११,८७,३०,६२२.०४ | २४.७१ |
| ११३१३ सम्पती कर | ५,००,००,०००.०० | ८१,३२,४३३.८४ | १६.२६ |
| ११३१४ भुमिकर/मालपोत | ५,००,००,०००.०० | ८६,५३,८६४.४२ | १७.३ |

| | | | |
|---|---|---|---|
| ११३१७ वहाल कर | ६,५०,००,०००.०० | ६२,२४,२१०.७६ | ९.५८ |
| ११३१८ वहाल विटौरी कर | १,००,००,०००.०० | १९,६५,७८३.२० | १९.६६ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १,००,००,०००.०० | २६,९५०.०० | ०.२७ |
| ११४७९ अन्य मनोरञ्जन कर | ५,००,०००.०० | ० | ० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | २५,००,०००.०० | २४,५८,२४७.५० | ९८.३३ |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ५०,००,०००.०० | ४१,५८,४१३.२० | ८३.१७ |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ९,००,०००.०० | १,५००.०० | ०.१७ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १,००,०००.०० | २,५०,०१७.०० | २५०.०२ |

| | | | |
|---|---|---|---|
| १४२४२ नक्सापास दस्तुर | २,२४,००,०००.०० | १६,९६,३५१.०९ | ७.५७ |
| १४२४३ सिफारिश दस्तुर | ५,००,००,०००.०० | ५०,७०,३९६.४१ | १०.१४ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५०,००,०००.०० | ४,९५०.०० | ०.१ |
| १४२४९ अन्य दस्तुर | २,५०,००,०००.०० | १,७१,९८०.०० | ०.६९ |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | १,००,०००.०० | ० | ० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ६०,००,०००.०० | ९२,३०५.०० | १.५४ |
| १४५२९ अन्य राजस्व | ५०,००,०००.०० | ८,८७०.३४ | ०.१८ |
| १४६११ व्यवसाय कर | ५,००,००,०००.०० | ४६,७१,५०८.५६ | ९.३४ |
| १५१११ बेरूजू | १,००,००,०००.०० | ८,४७,९५०.७३ | ८.४८ |

| | | | |
|---|---|---|---|
| ३२१२२ बैंक मौज्दात | ११,२९,२१,०००.०० | ७,४२,९४,८८९.९९ | ६५.७९ |
| जनसहभागिता | ५,००,००,०००.०० | ० | ० |
| १३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान | ५,००,००,०००.०० | ० | ० |
| जम्मा | २,२९,२७,००,०००.०० | ४७,१९,६९,८१७.७८ | २०.५८ |

व्यय

| शीर्षक | बार्षिक बजेट रु. | खर्च रु. | खर्च(%) |
|---|---|---|---|
| चालु | १,२९,६३,५४,०००.०० | २५,८४,००,३४४.६९ | १९.९३ |
| पूंजीगत | ९९,६३,४६,०००.०० | ६,८०,८८,३७१.०० | ६.८३ |
| जम्मा | २,२९,२७,००,०००.०० | ३२,६४,८८,७१५.६९ | १४.२४ |